# जिल्ला समन्वय समितिको कार्यालय

सिद्धार्थनगर,रुपन्देही
लुम्बिनी प्रदेश

फोन नं. ०७१-५७१४२३
ईमेल: rupandehi.ddc@gmail.com

प.सं. २०८०/८१
च.नं. ४२६

मिति:२०८१।०१।०७

विषय: स्वत:प्रकाशन सम्बन्धमा ।

श्री रास्ट्रिय सूचना आयोग ,
उधोग परिसर, त्रिपुरेश्वर, काठमाण्डौ ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सोको नियमावलीको नियम (३) बमोजिम यस कार्यालयबाट २०८० माघ १ देखि २०८० चैत्र मसान्त सम्म सम्पादन भएका कार्यहरुको विवरण प्रकाशन गरी सोको एक प्रति यसै साथ् संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ ।

.............................
कमल ज्ञवाली
जिल्ला समन्वय अधिकारी

वोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम २०८० साल माघ १ गते देखि चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण




जिल्ला समन्वय समितिको कार्यालय,रुपन्देही ।

मिति २०८१।०१।०७

स्वतः प्रकाशन

(Proactive Disclosure)

लोकतन्त्रलाई संस्थागत गरने कार्यका लागि सूचना प्रवाहलाई महत्वपूर्ण औजारको रुपमा लिन सकिन्छ । सुशासनको मेरुदण्डको रुपमा रहेको सूचना सम्बन्धी हक नेपालको संविधानले धारा २७ मा व्यवस्था गरेको छ । सूचनाको हकलाई संविधानले नै मौलिक हकको रुपमा प्रत्याभूत गरे अनुरुप राज्यबाट हुने कार्यसम्पादनलाई लोकतान्त्रिक पद्धति अरुपप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिकहरुको पहुँचलाई सरल र सहज बनाउनको लागि सूचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली,२०६५ को नीतिगत व्यवस्था समेत भएको छ । नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको साझा आकांक्षालाई पुरा गर्ने दीर्घकालिन सोचको साथ केन्द्रिय सरकारको प्रतिनिधीको हैसियतले संघ,प्रदेश तथा स्थानीय सरकार र सरकार अन्तर्गतका निकायहरुसँग उचित समन्वय गर्ने कार्य जिल्या समन्वय समितिको कार्यालयले गर्दै आएको छ । सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीबाट मिति २०८० माघ १ गतेदेखि चैत्र मसान्तसम्म सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुको जानकारी आम नागरिकलाई होस भन्ने अभिप्रायका साथ तयार गरिएको छ ।

जिल्ला समन्वय अधिकारी

## १. जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीको सामान्य परिचयः

विश्व मानचित्रमा समुद्री सतहबाट १०० मिटरदेखि १२१९ मिटर सम्मको उचाईमा रहेको यो जिल्ला ८३° १२'१६" देखि ८३°३८'७" पूर्वी देशान्तर र २७°२०'००" देखि २७°४७'२५" उत्तरी अक्षांशमा फैलिएको छ। नेपालको ७ प्रदेशहरू मध्ये २०७८ सालको जनगणना अनुसार लुम्बिनी प्रदेशको कूल जनसंख्या ५१२४२२५ रहेको छ। यस जिल्लाको कूल क्षेत्रफल १,४०१ वर्ग किलोमिटर छ जसमध्ये खेतीयोग्य जमिन ८५,१२२ हेक्टर र ३२००६ हेक्टर बन जंगलले ढाकेको छ । यस जिल्लामा ५ निर्वाचन क्षेत्र, १ उपमहानगरनगरपालिका, ५ नगरपालिका, १० गाउँपालिका रहेका छन् । २०७८ सालको जनगणना अनुसार यस जिल्लामा रहेको कूल जनसंख्या १९,१८,९७५ जसमध्ये महिला ५,७१,४३० पुरुष ५,४७,५४५ लैगिक अनुपात ९५.६२ कुल जनसंख्याको ३.८३% परिवारको औषत आकार ४.६३% जनघनत्व ८२३ वार्षिक वृद्धिदर २.३०% रहेको छ।

यो जिल्लाको पूर्वमा नवलपरासी (व.सु.प.) जिल्लाको सुनवल र रामग्राम नगरपालिका तथा पाल्हिनन्दन गाउँपालिका पश्चिममा कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका र शुद्धोधन गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका र पाल्पा जिल्लाको तिनाउ गाउँपालिका, माथागढी गाउँपालिका र रैनादेवी छहरा गाउँपालिका तथा दक्षिणमा छिमेकी राष्ट्र भारतको उत्तर प्रदेशको महाराजगंज र सिद्धार्थनगर जिल्लाका सिमानासँग रोहीणी गाउँपालिका सिद्धार्थनगर नगरपालिका मायादेवी, कोटहीमाई, मर्चवारी, सम्मरीमाई गाउँपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिका जोडिएका छन् र खुला सीमाना रोहिणी गाउँपालिकादेखि लुम्बिनी साँस्कृतिक नगरपालिका सम्मको ५९.५ कि.मि. दुरी रहेको छ । ४ गाउँपालिका, २ नगर नगरपालिका केही वडा भारतको महाराजगञ्ज र सिद्धार्थनगर जिल्लासँग जोडिएको छ।

रुपन्देही जिल्लाको नक्सा



## २. जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीको स्वरुप र प्रकृतिः

नेपालको संविधान,२०७२ को धारा २२० ले परिकल्पना गरे बमोजिम प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय रहने भन्ने व्यवस्था भएबमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही स्थापना भएको हो । जिल्ला समन्वय समितिमा एक प्रमुख एक उप प्रमुख र सात जना अन्य सदस्य गरी जम्मा नौ जनाको समिति रहेको छ । संघ,प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने यस कार्यालयको मुख्य उद्देश्य रहेको छ ।

## ३. जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको काम, कर्तव्य र अधिकारः

नेपालको संविधान,२०७२ को धारा २२० बमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

क. जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने

ख. विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने

ग. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।

घ. प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने।


त्यसैगरी स्थानीय सरकार ऐन, २०७४ तथा लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको " जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५" बमोजिमको काम निम्नानुसार रहेको छः

- स्थानीय तहहरुको विकास तथा निर्माणमा समन्वय गर्ने
- जिल्लामा सरकारी तथा गैससबाट संचालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गर्ने ।त्यस्ता कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनको विभिन्न चरणमा अनुगमन गर्ने
- स्थानीय तहहरुको क्षमता विकासका लागि संघ र प्रदेशसँग समन्वय गर्ने
- स्थानीय तहहरुबीच विवाद उत्पन्न भएमा समाधानका लागि समन्वय र सहजीकरण गर्ने
- विपद व्यवस्थापन सम्वन्धी योजना तथा कार्यको समन्वय गर्ने
- विकास निर्माणसँग सम्वन्धित काममा गैसस र निजीक्षेत्रसँग समन्वय गर्ने
- विकास निर्माणसँग सम्वन्धी कामको सन्तुलन भए नभएको अवस्थाको बारेमा संघ प्रदेश र स्थानीय तहलाई आवश्यकता अनुसार सुझाव दिने
- प्राकृतिक श्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्ने
- स्थानीय तहले बनाएका ऐन कानुनको अभिलेखीकरण गर्ने
- जिल्ला सुचना तथा अभिलेख केन्द्र स्थापना र संचालन गर्ने।

जिल्ला समन्वय अधिका

४. जिल्ला समन्वय समितिको कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरणः

जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको संगठन संरचनाः



जिल्ला समन्वय समितिको दरबन्दी तेरिजः

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| २. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | १ | |
| ३. | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | जनरल | १ | |
| ४. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | १ | |
| ५. | लेखा सहायक | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | |
| ६. | सव इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जि. | सिभिल | जनरल | १ | |
| ७. | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| ८. | हलुका सवारी चालक | श्रेणीविहिन | | | | २ | |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहिन | | | | ३ | |
| १०. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रमुखको निजी सचिवालय | | | १ | करार |

**४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाः**

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारीको नाम,थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | व्यवस्थापन शाखा | तुल्सीराम भण्डारी | शाखा अधिकृत | ९८५७०४९८४४ | |
| २. | अनुगमन तथा मूल्याङ्कन शाखा | सन्तोष न्यौपाने | सव इन्जिनियर | ९८६७०२४२०२ | |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः**

यस कार्यालयबाट प्रदान गरिने कुनैपनि सेवा बापत शुल्क लाग्ने छैन ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सरकारि निर्णय प्रक्रिया सरलीकरण निर्देशिका,२०६५ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र सूचनाको हकसम्बन्धी ऐन २०६४ लगायतका अन्य प्रचलित कानून बमोजिम ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

निर्णय उपर उजुरी सुन्ने अधिकारीः जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी

९. सम्पादन गरेको कामको विवरण:

मिति २०८० माघ १ गतेदेखि मिति २०८० चैत्र मसान्तसम्मको त्रैमासिक अवधीमा यस कार्यालयबाट सम्पादित कामको विवरण निम्नानुसार रहेको छ ।

- घुम्ती बैठक संख्या:- ३ वटा
- जिल्ला समन्वय समिति बैठक:- ३ वटा
- जिल्ला अनुगमन समितिको बैठक:- २ पटक
- महिला ,शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि तयार भएको दोस्रो राष्ट्रिय कार्ययोजना जिल्ला निर्देशक समितिको बैठक १ पटक
- स्थानीय तहहरुसँग बिभिन्न विषयहरुमा सहजीकरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:

सूचना अधिकारीको नाम: तुल्सीराम भण्डारी शाखा अधिकृत

कार्यालय प्रमुखको नाम: कमल ज्ञवाली जिल्ला समन्वय अधिकारी

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५ (लुम्बिनी प्रदेश)
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली,२०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्बिनी प्रदेश)

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

कुल बजेट: रु. १,५०,१६,०००/-

त्रैमासिक खर्च: रु. २९,५२,७३६.१८/-

जिल्ला समन्वय अधि...